# बाल क्लब गठन तथा सहजिकरण निर्देशिका, २०७८

# जलेश्वर नगरपालिका

जलेश्वर, महोत्तरी ।

प्रतिलिपि प्रमाणित
२०७८।८।२४

जलेश्वर नगरपालिका
नगर कार्यपालिका को कार्यालय
जलेश्वर महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल
प्रमुख प्रशासकिय अधिकृत

## बाल क्लब गठन तथा सहजिकरण निर्देशिका, २०७८

**प्रस्तावना,**

नेपालको संविधानको धारा ३९ मा उल्लेखित सङ्गठित हुन पाउने अधिकार, बालबालिकासम्वन्धी ऐन २०७५ को नियम १० को संस्था खोल्ने र शान्तिपूर्वक भेला हुन पाउने अधिकारले दिएको अधिकार प्रयोग गर्दै, बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको संगठन, स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पुऱ्याउन, नेपाल सरकारले लागू गरिआएको बालमैत्री स्थानीय शासन रणनीति २०६८ अन्तर्गत बाल क्लब गठन तथा सहजिकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढङ्गले लागु गर्न गराउन यस जलेश्वर नगरपालिका, महोत्तरीले यस **"बाल क्लब गठन तथा सहजिकरण निर्देशिका, २०७८"** जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस निर्देशिकाको नाम "बाल क्लब गठन तथा सहजिकरण निर्देशिका, २०७८" रहेको छ ।

(ख) यो निर्देशिका जलेश्वर नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकाको प्रयोजनका लागि :

(क) "बालबालिका" भन्नाले १८ बर्ष पूरा नगरेका व्यक्तिलाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले जलेश्वर नगरपालिका र यस अन्तर्गत रहने वडा कार्यालयहरूलाई सम्झनु पर्दछ ।

(ग) "सेवाप्रदायक" भन्नाले नगरपालिका क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका वा प्रवाह गर्ने दायित्व भएका सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय, प्रहरी चौकी तथा अन्य सार्वजनिक निकायलाई सम्झनुपर्छ । सो शब्दावलीले सार्वजनिक सेवा प्रदान गर्ने निजी क्षेत्रबाट सञ्चालित बैंकिङ्ग वा सूचना सञ्चारसम्बन्धी सेवाप्रदायकलाई समेत जनाउँछ ।

(घ) "बाल क्लब" भन्नाले यस निर्देशिकाको परिच्छेद २ को नियम ५ बमोजिम गठन भई नगरपालिकामा सूचीकृत भएका बालबालिकाको समूहलाई सम्झनु पर्दछ ।

(ङ) "बाल क्लब सञ्जाल" भन्नाले यस निर्देशिकाको परिच्छेद २ को नियम ८ बमोजिम गठन भएका बाल क्लबहरूको सञ्जाललाई सम्झनु पर्दछ ।

(च) "सहजकर्ता" भन्नाले बाल क्लबको गठन तथा सहजिकरणमा सहयोग गर्नका लागि यस निर्देशिका नियम १० बमोजिम कार्यरत व्यक्तिलाई सम्झनु पर्दछ ।

(ज) "सहयोगी संस्था" सहयोगी संस्था भन्नाले नगरपालिकामा बाल क्लब सञ्चालनमा सहयोग गर्ने तथा बाल सहभागिताका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका सम्वन्धित निकायबाट अनुमति प्राप्त नेपालमा दर्ता गैरसरकारी संस्थाहरूलाई सम्झनु पर्दछ ।

(झ) "सामाजिक परिचालक" भन्नाले नगरपालिकामा सरकारी वा गैरसरकारी संस्थाद्धारा बालबालिकासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न नियुक्त समुदाय परिचालनको काममा क्रियाशिल परिचालकलाई सम्झनु पर्दछ ।

(ञ) "संरक्षक शिक्षक" भन्नाले विद्यालयमा बाल क्लबलाई सहयोग र सहजिकरण गर्न तोकिएको शिक्षकलाई सम्झनु पर्दछ ।

**३. निर्देशिकाको उद्देश्य** : यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेकोछ :

(क) बालबालिकाको संगठन स्वतन्त्रताको अधिकारलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

(ख) बाल क्लबहरूको गठन तथा सञ्चालनलाई अर्थपूर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावेशी बनाउने ।
(ग) बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउने ।
(घ) स्थानीय विकासका हरेक प्रक्रियामा अर्थपूर्ण बाल सहभागितामार्फत बालमैत्री पुर्वाधार विकासमा टेवा पुऱ्याउने ।

**४. निर्देशिकाको कार्यन्वयन :**

(क) नगरपालिकामा बाल क्लब र यसको सञ्जाल गठन तथा सहजिकरणका लागि यस निर्देशिका बमोजिम गर्नु गराउनु नगरपालिकाको दायित्व हुनेछ ।
(ख) बाल सहभागिता तथा बाल क्लब सहजिकरणमा क्रियाशिल राष्ट्रिय एवम् अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा विकासका साझेदारहरूले यस निर्देशिकाको अवलम्वन गर्नु गराउनु उनीहरूको दायित्व हुनेछ ।
(ग) विशिष्टीकृत बाल क्लबहरूको सन्दर्भमा यो निर्देशिका लागू हुनेछैन ।

## परिच्छेद २
## बाल क्लबको गठन प्रक्रिया

**५. बाल क्लब र यसका प्रकार :**

(क) बाल क्लब सामान्य अवस्थामा २० देखी ३० जना सम्म वा सोभन्दा बढी बालबालिका भेला भई कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सरोकारहरूमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बाल अधिकारको प्रचार प्रसार र अनुगमन गर्न गठन गरिएको समूहलाई नै बाल क्लब मानिनेछ ।
(ख) सबै बाल क्लबहरू नगरपालिकामा अनिवार्य सूचीकृत र नविकरण हुनुपर्नेछ ।
(ग) एक विद्यालयमा एक बाल क्लब रहनेछ । विभिन्न उमेर र विषयगत बाल क्लबहरू सोही बाल क्लब अन्तर्गत उप-समूहका रुपमा क्रियाशिल हुन सक्नेछन् ।
(घ) विद्यालयस्तरका उप-समुह गठन गर्दा तीन वटा उमेर समूहका (५ देखि ११ वर्ष उमेर समूह, १२ देखि १५ वर्ष उमेर समूह र १६ देखि १८ वर्ष उमेर समूह) आधारमा छुट्टाछुट्टै गठन गर्नुपर्नेछ । तर समुदायस्तरका वाल क्लब गठन गर्दा ५ देखि १८ वर्ष उमेर समुहको एउटै वाल क्लब गठन गर्न बाधा पर्ने छैन् ।
(ङ) बाल क्लब सामान्यतया ४ प्रकारका हुनेछन् :

**(१) समुदायमा आधारित बाल क्लब**

अ) समुदायमा आधारित बाल क्लब निश्चित भूगोलभित्रका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल क्लबहरू भनिनेछ ।
आ) यस्ता बालसमूहहरू कुनै टोल, बस्ती, वडा भित्र बाल क्लब गठन गर्न सकिन्छ ।
इ) यस्ता बाल क्लबले सम्बन्धित भूगोल भित्रका सबै उमेर, लिङ्ग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकालाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नु पर्नेछ ।
ई) बाल क्लबमा उक्त क्षेत्रभित्र सामान्यतया ६ महिना वा सो भन्दा वढि स्थायी वा अस्थायी बसोबास भएको बालबालिका मात्र सदस्य बन्न सक्नेछन् ।

**(२) विद्यालयमा आधारित बाल क्लब**

अ) कुनै विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालय भित्र बाल अधिकार प्रवर्द्धन तथा अनुगमन गर्न गठन भएका बाल क्लबलाई विद्यालयमा आधारित बाल क्लब भनिनेछ ।

प्रतिलिपि प्रमाणित
प्रमुख प्रशासकिय अधिकृत

आ) सम्बन्धित विद्यालय भित्रका सबै जातजाति, कक्षा, लिङ्ग र आर्थिक तथा शारीरिक अवस्थावाट कमजोर बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनु पर्नेछ ।

इ) बाल क्लबमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा अध्ययनरत हुनु पर्दछ ।

**(३) विषयगत बाल क्लब**

अ) विषयगत रुपमा निश्चित विषयहरू: बालिकाहरूको मात्र सवाल, बाल विवाह, स्वास्थ्य तथा सरसफाई, जलवायु परिवर्तन, बालश्रम, एचआइभी तथा एड्स जस्ता विषयहरूमा कार्य गर्न समुदायमा विशिष्ट ढङ्गले विषयगत बाल क्लबहरू गठन गर्न सकिनेछ ।

आ) समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर गठन भएका यस्ता बाल क्लबलाई विषयगत बाल क्लब मानिनेछ ।

इ) विद्यालयभित्र यस्ता बाल क्लब गठन भएमा उक्त समूहलाई विद्यालय स्तरीय बाल क्लबकै उप-समूह मानिनेछ ।

**(४) विशिष्टीकृत बाल क्लब**

अ) अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयम्सेवा अभियान तथा सङ्गठनहरू, नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाका विशिष्टीकृत निकायले विशेष प्रकृतिका आफ्नो संस्थागत बाल क्लब गठन गर्न सक्नेछन् ।

आ) यस्ता बाल क्लबहरूको गठन र व्यवस्थापन विधि स्वयम् यसका महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुन सक्नेछन् ।

**(५) बाल गृह वा बाल सुधार गृहमा आधारित बाल क्लब**

(अ) बाल गृह वा बाल सुधार गृहमा रहेका बालबालिकाको अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि बाल गृह वा बाल सुधार गृहमा आधारित बाल क्लब गठन गर्न सकिनेछ ।

(आ) उपनियम (अ) बमोजिमको बाल क्बवले सम्बन्धित बालगृह वा सुधार गृहमा रहेका सबै जातजाती, कक्षा, लिंग, आर्थिक तथा शारीरिक अवस्था कमजोर बालबालिका तथा अपाङ्गता भएका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनुपर्नेछ ।

(इ) बाल गृह वा सुधार गृहमा आधारित बाल क्लबको सञ्चालन, व्यवस्थापन तथा मार्गदर्शनका लागि गृह प्रमुखले एकजना संरक्षक शिक्षक वा सहजकर्ता तोक्न सक्नेछ ।

**६. बाल क्लब गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण :**

(१) बाल क्लब गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण गर्दा सामान्यतया देहायका सिद्धान्त तथा प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(क) समुदायमा आधारित बाल क्लब गठन गर्न चाहने व्यक्ति, समूह तथा सङ्गगठनले बाल क्लब गठन गर्ने औचित्य र कारणहरू समेत स्पष्ट पारी न्यनूतम ५ दिन अगावै सम्बन्धित समुदायका बालबालिका तथा अविभावकहरूलाई खुला सूचना दिनुपर्नेछ ।

(ख) यसरी दिइने सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायमा बोलिने मातृ भाषाहरूमा समेत दिनुपर्नेछ ।

(ग) सूचना उपलब्ध गराउने विधिमा नगरपालिका, सूचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समूहका कार्यालयहरू, उपभोक्ता समितिका कार्यालय, प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालय र पहुँचमा आएका बालबालिकालाई मौखिक रुपमा भेलाका लागि जानकारी दिन सकिनेछ ।

(घ) बाल क्लब गठन गर्ने भेलामा सामान्यतया २५ वा सो भन्दा बढी बालबालिकाको उपस्थिति हुन पर्नेछ ।

(ङ) यस्तो भेला बालबालिकाको लागि सहज पहुँच भएको र सुरक्षित स्थानीय सार्वजनिक स्थल वा भवनहरूमा आयोजना गर्नु पर्नेछ ।

प्रतिलिपि प्रमाणित

जलेश्वर नगरपालिका नगर कार्यपालिका को कार्यालय जलेश्वर महोत्तरी २ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

(च) भेलामा छलफलका विषयहरू: बाल अधिकारको अवधारणा, बाल सहभागिताको अधिकार, बाल सहभागितामा नेपालका नीतिगत व्यवस्थाहरू, बाल क्लब गठन गर्नुको कारण र योजना, बाल क्लबको मुख्य उद्देश्य र कार्यक्रमहरू रहन सक्नेछन ।

(छ) अभिमुखीकरण तथा जानकारीहरू सरल र बालबालिकाले बुझ्ने भाषामा हुनुपर्दछ । यदि बहुसंख्यक सहभागी नेपाली भाषा बुझ्ने खालका छैनन् भने स्थानीय भाषामा अभिमुखीकरण र छलफल चलाउन सकिनेछ ।

(ज) भेलामा सहभागी सबै वयस्क तथा बालबालिकाको छुट्टाछुट्टै उमेर, जातजाति र लिङ्ग समेत जनाउने गरी उपस्थिति गराउन सकिने छ ।

(झ) विद्यालयमा आधारित बाल क्लब गठन गर्दा विद्यालय भित्र सबै कक्षामा सूचना प्रदान गरिनु पर्दछ एवम् भेलाको आयोजना विद्यालय परिसर भित्रै प्रधानाध्यापक, संरक्षक शिक्षक वा व्यवस्थापन समितिका अध्यक्ष वा प्रतिनिधीको उपस्थितिमा गर्नु पर्नेछ ।

(ञ) विषयगत बाल क्लब गठन गर्दा स्थानीय समुदायमा वा विद्यालय जहाँ गठन गर्ने हो त्यसै अनुरुप सूचना गर्ने र भेलाको आयोजना गर्नु पर्नेछ ।

**७. नेतृत्व चयन :**

(१) नियम ६ बमोजिमको भेलामा सहभागी बालबालिकाको सहमतिमा देहायका आधारमा बाल क्लबको नेतृत्व चयन गर्न सकिने छ । कुन विधिबाट नेतृत्व चयन गर्ने भन्ने निर्णय स्वयम् उपस्थित बालबालिकासँग छलफल गरी तय गर्नुपर्नेछ :

(क) बहुपदीय नेतृत्व : बाल क्लबमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष तथा विषयगत संयोजकहरू तय भएको नेतृत्व ।

(ख) चक्रिय नेतृत्व : बाल क्लबमा निश्चित संख्यामा कार्य समिति सदस्य बन्ने । कार्य समितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा अहिलेको सचिव अध्यक्ष हुने र कार्य समितिको कुनै सदस्य-सचिव बन्ने । यही प्रक्रिया आगामी बैठकहरूमा दोहोरिदै जाने ।

(ग) संयोजन समूह : बाल क्लबमा निश्चित संख्यामा संयोजन समूह बन्ने । बाल क्लबको कार्यक्रम र बैठक अनुसार संयोजन, अध्यक्षता र प्रतिनिधित्व गर्ने जिम्मेवारी तोक्ने ।

(२) बाल क्लबको कार्यसमिति संख्या ७ देखि १३ सदस्यीय सम्म बनाउन सकिनेछ ।

(३) बाल क्लबले आवश्यकता अनुसार उप-समितिहरू गठन गरी कार्यक्रमहरू गर्न सक्नेछन् । यस्तो उप-समितिमा ३ देखि ११ जना सम्म सदस्य रहनेछन् ।

(४) बाल क्लबको नेतृत्वमा कम्तीमा ५० प्रतिशत बालिका, समग्रमा १० प्रतिशत दलित बालबालिका (उपलब्ध भए सम्म) र ५ प्रतिशत अपाङ्गता भएका बालबालिका (उपलब्ध भए सम्म) सदस्यहरूका लागि सिट संख्या आरक्षित गर्नुपर्नेछ ।

(५) बाल क्लबको पदाधिकारीमा बालक र बालिकाको संख्या समावेशी हुने गरी छान्नु पर्नेछ ।

(६) एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बाल क्लबको नेतृत्वमा बस्न पाउने छैन्न । तर बाल क्लबका नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने बस्न सक्नेछ ।

(७) समुदायमा आधारित बाल क्लबको नेतृत्व न्यूनतम प्रत्येक २ वर्षमा परिवर्तन हुनेछ भने विद्यालयमा आधारित बाल क्लबको नेतृत्व परिवर्तन हरेक वर्ष शैक्षिक शत्र शुरु भएको तीन (३) महिना भित्र गर्नु पर्नेछ ।

(८) एकै व्यक्ति बाल क्लबको पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सह-सचिवको सोही पदमा एक कार्यकाल भन्दा बढी समय बस्न पाउने छैन तर कार्य समितिको सदस्य भने बस्न फरक पर्ने छैन ।

(९) १० वर्ष भन्दा कम उमेर समूहका बालबालिकालाई बाल क्लबको नेतृत्वमा रहने छैन्न ।

(१०) बाल क्लबका सदस्यहरूमाझ नेतृत्व चयनका सन्दर्भमा विवादहरू आएमा देहायको अभ्यास गर्न सकिनेछ :

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

(क) नेतृत्व गर्न चाहने सदस्यले आफूले बाल क्लबलाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुति गर्न सक्ने ।

(ख) नेतृत्व गर्न चाहने सदस्यहरू मात्र छलफल गरी सहमतिमा अग्रसर हुने ।

(ग) नेतृत्वलाई चक्रिय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने ।

(घ) नेतृत्व गर्न चाहनेहरूमाझको सान्दर्भिक समिति बनाई उक्त समितिको जिम्मेवारी प्रदान गर्ने ।

(ङ) उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरू मध्येबाट मतदान प्रक्रियावाट चयन गर्नुपर्नेछ । मतदान प्रक्रियाको सहजिकरण संरक्षक शिक्षक वा वयस्क सहजकर्ताबाट गर्नु पर्नेछ । मतदान प्रक्रियामा जाँदा व्यक्तिगत प्रचारप्रसार गर्न नपाउने व्यवस्था गर्नु पर्नेछ ।

**८. सञ्जालहरूको गठन :**

(१) बाल क्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल क्लब सञ्जालको गठन गर्न सकिनेछ ।

(२) बाल क्लब सञ्जाल वडा र नगर स्तरका हुनेछन् ।

(३) बाल क्लब सञ्जाल गठन गर्नका लागि नगर/वडा तहमा बाल क्लबहरूको प्रतिनिधि भेलाको आयोजना गर्नु पर्नेछ । यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल क्लबहरूलाई भेलाको मिति भन्दा ७ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ :

(क) भेलाको मिति, समय र स्थान,

(ख) भेलामा छलफल हुने विषयहरू,

(ग) भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लबको प्रतिनिधि संख्या (जातजाति, लिङ्ग समेत तय गरिएको भए सो समेत)

(घ) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(ङ) भेलामा सहभागीका लागि उपलब्ध नहुने सेवा र सुविधा, र

(च) अन्य आवश्यक विषयवस्तु ।

(४) बाल क्लबका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्ने छ ।

(क) आफ्नो बाल क्लबमा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ, ।

(ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ, ।

(ग) समुदायमा आधारित बाल क्लबको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति ।

(५) बाल क्लबले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गराउनु पर्नेछ ।

(६) सञ्जाल भेलामा सहभागी हुने बाल क्लब प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्र बसोबास भएको हुनु पर्नेछ ।

(७) सञ्जालको नेतृत्व चयन भेलाको सहमतिको आधारमा नियम ९ मा व्यवस्था भए बमोजिमको हुनेछ । सञ्जालको नतेतृवको पुनर्गठन प्रत्येक दुई वर्षमा गर्नुपर्नेछ ।

**९. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन :**

(१) बाल क्लब तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकाको बिच अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) समक्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नु पर्नेछ ।

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

(३) प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन समूह वा उप-समितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

(४) बालबालिका बिच हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

**१०. सूचिकरण :**

(१) समुदाय तथा विद्यालयमा गठन भएका बाल क्लबहरू गठन भएको एक महिनाभित्र सम्बन्धित ***अनुसूची २*** बमोजिमको निबेदन सहित वडा कार्यालयमा सूचीकृत गनु पर्नेछ । वडा कार्यालयमा सूचीकृत भएका बाल समुह/सञ्जालको विवरण वडा कार्यलयवाट नियमित रुपमा नगरपालिकाको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा पठाउनु पर्नेछ ।

(२) बाल क्लब सूचिकरण हुँदा समूहको नाम, उद्देश्य, कार्यसमितिका पदाधिकारी तथा सदस्यको नाम, सहजकर्ताको नाम र सम्पर्क ठेगाना र सूचिकृत निकाय खुलाइएको हनु पर्नेछ ।

(३) सूचीकृत बाल क्लबहरू हरेक वर्ष अद्यावधिक गर्न सकिने छ । यसरी अद्यावधिक हुँदा सम्बन्धित समूहले अद्यावधिक गर्ने व्यहोराको निवेदन, बाल क्लबको वार्षिक भेलाको उपस्थिति र विद्यमान कार्य समितिको नामावली, सहजकर्ताको नाम, सम्पर्क ठेगाना र बाल क्लबले अघिल्लो वर्ष सम्पन्न गरेका विभिन्न गतिविधिको कार्यप्रगति ***अनुसूची ३*** बमोजिम संलग्न गर्नु पर्नेछ ।

(४) विद्यालयमा आधारित बाल क्लबले अद्यावधिकको लागि निवेदन दिँदा सम्बन्धित विद्यालयको शिफारिस पत्र संलग्न गर्नु पर्नेछ ।

(५) सूचिकरणका लागि बाल क्लबको नाम भेलाका सहभागी बालबालिकाले आपसी सहमतिमा जुराउन सक्नेछन् । बाल क्लबको नाम त्यसै क्षेत्रको अर्को बाल क्लबको नामसँग मिलेमा दोहोरो पर्ने गरी राख्न सकिने छैन ।

(६) बाल क्लबको नामसँग कुनै पनि निजी वा गैर सरकारी संस्थाको नाम जोड्न सकिने छैन ।

(७) बाल क्लबको सूचिकरण तथा नविकरणका लागि सहजकर्ता निकाय, व्यक्तिले अनिवार्य उपस्थित भई प्रमाणित र सहमति प्रदान गर्नु पर्नेछ ।

(८) सुचीकृत भएको बाल क्लबलाई वडा कार्यालयले र सञ्जाललाई नगरपालिकाले ***अनुसूची ४*** बमोजिमको सूचिकरणको प्रमाण-पत्र प्रदान गरिनेछ ।

(९) वडा कार्यालय र नगरपालिकामा सूचिकृत भएका बाल क्लब र सञ्जालको विवरण ***अनुसूची ५*** बमोजिमको कितावमा विवरण राखिनेछ ।

(९) वडा कार्यालय र नगरपालिकामा सूचिकृत भई नविकरण हुन बाल क्लब र सञ्जालले ***अनुसूची ६*** बमोजिमको निवेदनको ढाँचा प्रयोग गर्नुपर्नेछ ।

(१०) सूचीकृत तथा नविकरण भएका बालक्लबको प्रतिवेदन वडा बाल अधिकार समितिमा दिइनुपर्नेछ ।

## परिच्छेद ३
## सहजकर्तासम्बन्धी व्यवस्था

**११. सहजकर्ता संस्था, निकाय र व्यक्तिहरू :**

(१) बाल क्लबको गठन तथा सञ्चालन वयस्क सहजकर्ता वा सहजकर्ता संस्थाको अनुपस्थिति मान्य हुनेछैन ।

(२) प्रत्येक बाल क्लबको एक वयस्क सहजकर्ता वा सहजकर्ता संस्था हुन जरुरी हुनेछ ।

(३) सहजकर्ताले बाल क्लबको बैठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजिकरण गर्ने, बालबालिकाको सरोकारको क्षेत्रमा उपयुक्त उपायहरू सुझाउने तथा श्रोतमा उनीहरूको पहुँच बनाउन सहयोग गर्नु पर्नेछ ।

प्रमाणित प्रकाशित
प्रमुख प्रशासकिय अधिकृत

(४) बाल क्लबका गतिविधि र त्यसबाट उत्पन्न परिणाम प्रति सहजकर्ता व्यक्ति, संस्था वा निकाय नैतिक जिम्मेवारी रहनेछ ।

(५) सहजकर्ताको छनौटमा बाल क्लबको सहमति र स्वीकार्यता अनिवार्य रहनेछ ।

(६) एक सहजकर्ता व्यक्ति वा समूहले अधिकतम दश वटा बाल क्लबलाई सहयोग पुऱ्याउन सक्नेछ ।

**१२. वयस्क सहजकर्ताको चयन :**

(१) वयस्क सहजकर्ताको चयन बाल क्लब गठन गर्न र बालबालिकाको समूहको गतिविधि प्रवर्द्धन र सहजिकरण गर्ने कार्यमा सहयोग गर्ने संस्था वा नगरपालिकाले नियुक्त गर्नेछ । यसरी सहजकर्ता चयन गर्दा बाल क्लबको सहमति अनिवार्य हुनेछ ।

(२) वयस्क सहजकर्ताले सहजिकरण गरेबापत बाल क्लबसँग कुनै पारिश्रमिक लिन सकिने छैन । तर सहयोगी संस्था वा नगरपालिकाले निश्चित पारिश्रमिक वा प्रोत्साहन भत्ता उपलब्ध गराउन बाधा पर्नेछैन ।

(३) विद्यालयमा आधारित बाल क्लबको सहजकर्ता शिक्षकहरूमध्येबाट, समुदायमा आधारित बाल क्लबको सहजकर्ता वडा बाल अधिकार समिति वा बालमैत्री स्थानीय शासन समितिका सदस्य वा संस्थाको तर्फबाट तोक्न सकिनेछ ।

(४) सहयोगी संस्था वा विद्यालयले नियुक्त गरेको अवस्थामा बाहेक वयस्क सहजकर्ता स्थानीय व्यक्ति हुनुपर्नेछ ।

**१३. बाल क्लबको सहजकर्ता हुनका चाहिने योग्यता :**

(१) बाल क्लबको सहजकर्ता हुनका लागि निम्न योग्यता भएको व्यक्ति हुनुपर्दछ

(क) बाल क्लबका पूर्वसदस्य भएकालाई पहिलो प्राथमिकता दिइनुपर्नेछ ।

(ख) वयस्क सहजकर्ता न्यूनतम १० कक्षा उत्तीर्ण तथा कम्तीमा २० वर्ष उमेर पुरा भएको व्यक्ति हुनेछ ।

(ग) बाल अधिकारबारे जानकार, सचेत, संवेदनशील तथा तालिम प्राप्त गरेको ।

(घ) बालमैत्री व्यवहारबारे सचेत र अभ्यस्त रहेको ।

(ङ) बालबालिकाप्रति सकारात्मक धारणा राख्ने ।

(च) बालबालिकाविरुद्ध कुनै पनि हिंसा नगर्ने प्रतिवद्ध भएको ।

(छ) कुनै पनि राजनीतिक दल वा राजनीतिक संगठनको सक्रिय जिम्मेवारीमा नरहेको ।

(ज) फौजदारी अपराधमा संलग्न नभएको ।

(झ) स्थानीय समुदायमा बसोबास भएको ।

(ञ) मदिरा, सुर्ती, चुरोट, लागू औषधको अम्मल नभएको ।

**१४. वयस्क सहजकर्ताको भूमिका र सीमितता, :**

(१) स्थानीय वयस्क सहजकर्ता बाल अधिकारप्रति प्रतिवद्ध, स्वयंसेवी भावनाको र नियम १३ मा उल्लेख गरिएको योग्यता भएको व्यक्ति हुनेछन् र यस्ता वयस्क सहजकर्ताले बाल क्लबमा देहायका भूमिकाहरू निवार्ह गर्नु पर्नेछ :

(क) बाल क्लबको बैठक, योजना तथा कार्यक्रम र निर्माण कार्यान्वयनमा सहजिकरण ।

(ख) बाल क्लबलाई स्थानीय सरोकारवाला निकायहरूसँग सम्पर्क, सम्वन्ध विस्तार गर्न सहजिकरण गर्ने ।

(ग) बाल क्लबले गर्ने कार्यक्रमहरूका लागि स्थानीय श्रोतहरू जुटाउन सहयोग गर्ने ।

(घ) बाल क्लबका सामग्रीहरूको उपयुक्त प्रयोग भए नभएको अनुगमन गर्ने र सम्पत्तिको संरक्षण गर्ने ।

(ङ) बाल क्लबका सदस्यहरूमाझ आएका विवादहरूको समाधान गर्न सहयोग गर्ने ।

(च) बाल क्लब र अन्य समुदाय बीच विवाद उत्पन्न भएमा त्यसको समाधानका लागि सहजिकरण गर्ने ।

(छ) बाल क्लबलाई बाल अधिकारका सवालसम्बन्धी सूचना सामग्रीहरू उपलब्ध गराउन पहल गर्ने ।

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

(ज) आवश्यकता अनुसार बाल अधिकार, बाल सहभागिता, बाल क्लब सहजिकरणका प्रशिक्षण, गोष्ठी तथा तालिमहरूमा सहभागी हुने ।

(झ) बाल क्लबका सदस्य आफ्नो समुदाय बाहिर अन्य कुनै कार्यक्रममा सहभागी हुनुपरेमा वयस्क संरक्षकको भूमिका निभाउने ।

(२) वयस्क सहजकर्ताले बाल क्लबको सहजिकरण गर्दा गर्न नहुने कार्यहरू :

(क) बाल क्लबको बैठक तथा छलफल आफैले सञ्चालन गर्ने ।

(ख) बाल क्लबको योजना तथा निर्णयहरू आफैले गर्ने र सदस्यहरूलाई निर्णयमा सहमत मात्र गराउने ।

(ग) बाल क्लबलाई कुनै निश्चित निर्णय गर्न लगाउने वा निश्चित विषयमा आफ्नो धारणा लाद्ने ।

(घ) बाल क्लबका तर्फबाट निर्णायक तह तथा संयन्त्रहरूमा प्रतिनिधित्व गर्ने ।

(ङ) बाल क्लबका सदस्यहरूलाई हप्काउने, हिंसा तथा दुर्व्यवहार गर्ने वा धम्की दिने ।

(च) बाल क्लबका सदस्यहरूमाझ जात, धर्म, लिंग, उमेर, भाषा, भूगोल, शारीरिक तथा आर्थिक हैसियत लगायत कुनै पनि आधारमा भेदभाव गर्ने ।

(छ) बाल क्लबका सम्पत्ति, बचत रकमहरू जथाभावी प्रयोग गर्ने वा व्यक्तिगत हितमा उपयोग गर्ने ।

(ज) बाल क्लबका सदस्यहरूलाई एक अर्काविरुद्ध भड्काउने, कुनै निश्चित व्यक्ति, जाति, समूह, सम्प्रदाय, दल तथा संगठनको पक्ष वा विपक्षमा उभिन तथा गतिविधि गर्न लगाउने ।

(झ) बाल क्लबका सदस्यहरूलाई हिंसात्मक गतिविधि, सार्वजनिक धनजनमा क्षति पुग्ने गतिविधि तथा अलोकतान्त्रिक र घृणा फैलाउने कार्य गर्न प्रोत्साहित गर्ने ।

(ञ) बाल क्लबका सदस्यहरूको उचित सुरक्षाको सुनिश्चितता नगरी समुदायबाट बाहिर पठाउने वा कार्यक्रमहरूमा संलग्न गराउने ।

(३) सहजकर्ताले नियम १४ (२)मा उल्लेखित व्यवहार तथा गतिविधि गरेमा आवश्यक प्रमाण सहित नगरपालिका वा सहयोगी संस्था वा विद्यालयमा सरोकारवाला जो कोहीले उजुरी दिन सक्नेछन । उल्लेखित गर्न नहुने व्यवहारको सम्वन्धमा सहजकर्ता नियुक्त गर्ने संस्थाले त्यस्ता व्यक्तिसँग अग्रिम प्रतिवद्धता लिन सक्नेछ ।

(४) सहजकर्ता विरुद्ध परेको उजुरी र गुनासोको छानविन गरी दोषी पाइएमा सम्बन्धित सहजकर्तालाई चेतावनी दिने, सहजकर्ताबाट हटाउने वा आगामी निश्चित अवधिसम्मका लागि सहजकर्ता बन्न रोक लगाउने वा अन्य आवश्यक कारवाही गरी पदबाट हटाउने कार्य नियुक्त गर्ने संस्थाले गर्न सक्नेछ ।

(५) उजुरीका छानविन तथा निर्णयक्रममा सम्बन्धित सहजकर्तालाई आफ्नो भनाई र स्पष्टीकरण राख्ने अवसरबाट वञ्चित गरिनेछैन ।

## परिच्छेद ४
## बाल क्लबको बैठक तथा कार्यक्रमसम्बन्धी व्यवस्था

**१५. नियमित बैठक तथा छलफलका विषयहरू**

(१) बाल क्लबको बैठकको आयोजना विद्यालय बन्द भएको समयमा र दिनको समयमा सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थानमा मात्र सञ्चालन गर्नु पर्नेछ ।

(२) बैठकमा वयस्क सहजकर्ताको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

(३) बैठक सामान्यतया अधिकतम २ घण्टाभन्दा बढी समय बस्ने छैन ।

(४) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) ***अनुसूची ७*** बमोजिम उतार गरी राख्नु पर्नेछ ।

(५) बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुनसक्नेछः

(क) अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

(ख) बाल क्लबका बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा
(ग) स्थानीय बाल अधिकारको सवाल र गर्नुपर्ने गतिविधि
(घ) आगामी कार्यक्रमको मिति, स्थान र समय तय, जिम्मेवारी विभाजन र श्रोत संकलन तथा आवश्यकता अनुसार अन्य विषयहरू ।

**१६. कार्यक्रम योजना निर्माण :**

(१) देहायका अवस्थालाई ध्यान दिइ बालबालिकासम्बन्धी योजना निर्माण ***अनुसुची ८*** बमोजिम गर्नु पर्ने छ ।

(क) बाल क्लबको बैठक तथा वार्षिक भेलाले योजना निर्माण गर्ने छ । यसरी योजना निर्माण गर्दा मासिक एउटा कार्यक्रम राख्नु पर्नेछ ।

(ख) बाल क्लबको कार्यक्रम योजना निर्माण गर्दा स्थानीय पर्व, मौसम, खेतीपातीको क्यालेन्डर, विद्यालयको शैक्षिक क्यालेन्डरसँग नजुध्ने गरी बनाउनुपर्नेछ ।

(२) बाल क्लबको कायर्कम मूलतः देहायको विषयमा केन्द्रित हनुपर्नेछ :

**(क) बाल अधिकारको प्रचार प्रसार** : बालबालिकाले नगरपालिकामा गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्ते पत्रिका, सडक नाटक, रेडियो कार्यक्रम, पत्रपत्रिकामा लेख लेखेर आदिको माध्यमबाट बाल अधिकारका बारेमा प्रचार प्रसार गर्ने ।

**(ख) बाल अधिकार अनुगमन** : बाल क्लबहरूले आफ्नो क्षेत्रका विभिन्न नगरपालिकामा गुनासो पेटिका राखेर, साथीहरूको समूहमा छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर बाल अधिकारको अवस्थाको अनुगमन गर्न सक्ने छन् । बाल क्लबले अनुगमनबाट देखेका विषयहरू विद्यालय व्यवस्थापन समिति, नगरपालिकाको कार्यालय, नगर शिक्षा समिति, बाल अधिकार समिति वा सहयोगी संस्था समक्ष आवश्यक कारवाहीका लागि प्रस्तुत गर्न सक्नेछन् ।

(३) **सेवाका लागि सम्प्रेषण र सुझाव** : बाल क्लबहरूले आफ्नो समुदाय तथा विद्यालयमा हिंसा, शोषण, दुर्व्यवहार, शिक्षा तथा स्वास्थ्यबाट वञ्चित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरू आएमा सेवाप्रदायक संस्थाहरूसँग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सेवाको लागि सिफारिस गर्ने लगायत यस्ता बालबालिकाको विकास र संरक्षणमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(४) **शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरू** : बाल क्लबहरूको सदस्यहरूका लागि व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरू, खेलकुदका गतिविधिहरू, बाल भित्ते पत्रिका, वक्तृत्वकला, हिज्जे प्रतियोगिता, छोटो समयका विभिन्न सीप, कलाको प्रशिक्षण कार्यहरू ।

(५) **सामुदायिक स्वयंसेवा :**

(क) बाल क्लबका १४ वर्षभन्दा माथि बालबालिकाले सुरक्षित ढङ्गले वयस्कहरूको साथमा गर्ने सामुदायिक स्वयंसेवाका कार्यहरू । तर यस्तो सामुदायिक स्वयंसेवा कार्य दैनिक ६ घण्टाभन्दा बढी र लगातार ३ घण्टाभन्दा बढी हुने छैन ।

(ख) सामुदायिक स्वयंसेवाका कार्यहरूमा बालबालिकाको नैतिक र भौतिक सुरक्षाको सुनिश्चितता हुनुपर्नेछ ।

(ग) प्रचलित कानूनबमोजिम निकृष्ट वा जोखिमयुक्त बालश्रम तथा बालश्रम ठहरिने गतिविधिमा बालबालिकाले स्वयंसेवा गर्न सक्नेछैनन् ।

(६) **निर्णय प्रक्रियालाई प्रभावित पार्ने** : बाल क्लबहरूले सामूहिक रुपमा वा प्रतिनधि मार्फत् बाल अधिकारका सरोकारहरूलाई स्थानीय योजना तथा नीतिहरूमा सम्बोधन गराउनका लागि बाल भेला, अन्तर्क्रिया, बाल सुनुवाइ, प्रतिनिधि मण्डल भेटघाट जस्ता कार्यक्रमहरू ।

**१७. बाल क्लबले सञ्चालन गर्ने नसक्ने कार्यक्रमहरूको सीमा :**

प्रमुख प्रशासकिय अधिकृत

(१) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न ।
(२) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुऱ्याउने कार्य ।
(३) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मीप्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य ।
(४) हिंसा र दुरव्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू ।
(५) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरू । तर प्रतिस्पर्धा वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।
(६) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरू जीउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउने कार्य ।
(७) बाल क्लब कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्ने कार्यहरू ।
(८) सिंगो परियोजना सञ्चालन गर्ने वा ठूला र लामो समयका गतिविधिहरू सञ्चालन गर्ने कार्य ।
(९) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरू ।
(१०) सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा बाल अधिकारकर्मी, स्थानीय बाल अधिकार समिति तथा बालमैत्री शासन समितिको परामर्शमा सुरक्षा निकाय वा नगरपालिका वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाएका कार्यहरू ।

## परिच्छेद ५
## बाल क्लबको सदस्यतासम्बन्धी व्यवस्था

### १८. सदस्यता वितरण र व्यवस्थापन

(१) बाल क्लबले स्वतन्त्र रुपमा आफ्नो सदस्यता वितरण गर्न सक्नेछ । बाल क्लबको सदस्य हुन सोही विद्यालयको विद्यार्थी वा सोही समुदायमा बसोबास भएको बालबालिका हुनुपर्दछ ।
(२) कुनै बालबालिकाले सदस्य बन्न चाहेकोमा सामान्यतया बाल क्लबले सदस्य बनाउनुपर्दछ ।
(३) कुनै पनि बालबालिकालाई सदस्य बन्नका लागि दवाब दिन पाइनेछैन ।
(४) सदस्य नभएकै कारण बाल क्लबले आयोजना गर्ने खुला र सार्वजनिक कार्यक्रममा कुनै बालबालिकालाई सहभागी गराउन रोक लगाउन पाइनेछैन ।
(५) सदस्यहरूको अभिलेख बाल क्लबले आफ्नै रजिष्टरमा राख्न सक्नेछ । यसरी अभिलेख राख्दा देहायका विवरण उल्लेख हुनुपर्दछ :
  (क) बालबालिकाको नाम, थर,
  (ख) ठेगाना,
  (ग) उमेर, लिङ्ग, (विद्यालयमा भए कक्षा),
  (घ) अभिभावकको नाम, सम्पर्क फोन नम्बर, फोटो (उपलब्ध भएसम्म) ।
(६) बाल क्लबले आफ्नो सदस्यलाई सदस्यता-पत्र पनि वितरण गर्न सक्नेछ ।
(७) बाल क्लबका सदस्यहरूका लागि न्यूनतम सदस्यता शुल्क तोक्न सकिनेछ । तर कुनै बालबालिकाले केही कारणवश सदस्यता शुल्क तिर्न नसकेकै कारणले उसलाई सदस्य बन्नबाट रोक्न सकिनेछैन ।

### १९. प्रतिनिधित्व र सहभागिताको समान अवसरको व्यवस्थापन

प्रमुख प्रशासकिय अधिकृत

(१). बाल क्लबका सदस्यहरूले उपयुक्त अवसरहरू प्राप्त गरी आफ्नो व्यक्तित्व विकास गर्न समान अवसर प्राप्त गरुन् भन्ने मान्यता बाल क्लबको नेतृत्व गर्ने समूहले राख्नुपर्दछ । बाल प्रतिनिधि र सहभागितामा देहायका विषयमा ध्यान दिनु पर्नेछ ।

(क) समान अवसर र प्रतिनिधित्वका लागि विषयगत समूहहरू बनाएर सोही अनुसार नियमित वा पालैपालो प्रतिनिधित्व र सहभागिताको अवसर प्रदान गर्ने ।

(ख) आयोजक संस्था वा निकायले तोकेको अवस्थामा बाहेक पालैपालो सबै सदस्यहरूलाई सहभागिताको अवसर दिनुपर्नेछ ।

(ग) बाल क्लबको प्रतिनिधित्व गर्ने व्यक्तिले कुनै कार्यक्रममा जानुअघि आफ्नो समूहका सदस्य र सहजकर्तासँग आफूले क-कस्ता सवाल उठाउने भनी छलफल र परामर्श गर्नुपर्नेछ ।

(घ) बाल क्लबका सदस्य कुनै कार्यक्रम वा बैठकमा सहभागी भएपछि आफ्नो समूहका सदस्यहरू र सहजकर्ताको बैठक राखी आफू सहभागी भएको कार्यक्रमको बारेमा जानकारी दिनुपर्नेछ । प्रतिवेदन लेखेर बाल क्लबको फाइल वा माइन्युटसँगै राख्नुपर्नेछ ।

**२०. सदस्यबीच रहेको फरक मतको सम्मान तथा कार्यक्रमको सहजिकरण :**

सामान्यतया बाल क्लबमा सिर्जना हुने फरक मत देहायका उपायहरू अवलम्बन गरी समाधान गर्न सकिनेछ :

(१) बाल क्लबको योजना निर्माण लगायतका छलफलमा सबै सदस्यहरूलाई स्वतन्त्र र छोटो रुपमा आफ्नो विचार राख्न लगाउनु पर्दछ ।

(२) बाल क्लबको बैठक बस्ने, छलफल गर्ने तथा नेतृत्व चुन्ने प्रक्रियाका बारेमा आचारसंहिता निर्माण गर्नु पर्दछ ।

(३) बाल क्लबका सदस्यहरूमाझ कार्यक्रम आयोजना गर्ने सन्दर्भमा फरक प्रस्तावहरू प्राप्त भएमा ती कार्यक्रमहरूको सूची बनाउने र सदस्यहरूलाई आपसी छलफल गरी कार्यक्रमहरूको प्राथमिकता साथ छनौट गर्न लगाउनु पर्नेछ । कार्यक्रमको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ ।

(क) बालबालिकाले रुचिकर मान्ने, सृजनात्मक, खेलकुद तथा बौद्धिक विकासका कार्यक्रमहरूलाई पहिलो प्राथमिकता दिने ।

(ख) बाल अधिकारको प्रचार प्रसार हुने र अविभावक, निर्णयकर्ताहरू तथा समुदायमाझ बालबालिकाको सरोकारहरू प्रस्तुत गरिने कार्यक्रमहरूलाई प्राथमिकता दिने ।

(ग) बाल क्लबले गर्न नहुने भनेका कार्यक्रमहरू छनौट नगर्ने ।

(घ) बाल क्लबलाई धेरै आर्थिक भार पर्ने तथा लामो समय लाग्ने कार्यक्रमहरू छनौट नगर्ने ।

(ङ) समुदाय र समुदायका अन्य संस्थाहरूसँग द्वन्द्व वा मनमुटाव हुनसक्ने कार्यक्रमहरू नगर्ने ।

(च) धेरै दिन विद्यालय शिक्षालाई असर पर्ने वा कक्षा छाडी तयारी गर्नुपर्ने कार्यक्रमहरू नगर्ने ।

(छ) अन्य बाल क्लब वा संस्थाले भर्खरै गरिसकेका समान किसिमका कार्यक्रमहरू भए त्यसलाई प्राथमिकतामा पछाडि राख्ने ।

(४) बाल क्लबका सदस्यहरूमाझ स्थानीय सरोकारका विषयमा फरक विचार वा धारणाहरू आएमा ती धारणाहरूलाई समावेश गरी साझा धारणा बनाउनुपनर्छे । यसका लागि देहायका कार्यहरू गर्न सकिनेछ ।

(क) सबै सदस्यहरूले सम्बन्धित विषयमा पालैपालो आफ्ना विचारहरू छोटकरीमा राख्न दिने । विचार राख्दा अरुको विचारलाई गलत भन्ने, होच्याउने वा सिधै नकार्ने विषयलाई प्रशय नदिने ।

(ख) फरक फरक धारणाहरूलाई समेटेर कुनै सदस्यले एकै धारणा प्रस्ताव गर्न लगाउने ।

(ग) यदि नितान्त विपरीत धारणाहरू आएमा बाल क्लबको बैठकमा ती फरक धारणाहरूलाई र त्यसलाई समर्थन गर्ने सदस्य संख्या पनि लेख्ने । तर, बहुमत सदस्यहरूले व्यक्त गरेको धारणा अनुसार बाल क्लबले गतिविधि सञ्चालन गर्ने ।

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

(५) बाल क्लबका सदस्यहरूमाझ आर्थिक वा संगठन व्यवस्थापनका विषयमा फरक धारणा भएमा देहाय बमोजिम सहजिकरण गर्न सकिनेछ ।

(क) बाल क्लबका सदस्यहरूमाझ नै फरक मतको विषयमा छलफल गरी आपसी सहमति सृजना गर्ने ।

(ख) बाल क्लबका सदस्यहरूले उठाएको फरक मतको विषय र उनीहरूले दिएका तर्क तथा प्रमाणहरूको सूची बनाउने ।

(ग) विद्यालयका प्रधानाध्यापक वा समुदायमा आधारित बाल क्लबको हकमा सूचिकृत समितिका संयोजकले सम्बन्धित फरक मतमा अध्ययन गरी निर्णय प्रदान गर्ने ।

(६) बाल क्लबभित्र आउने फरक मतको समाधान गर्ने बैठकमा वयस्क सहजकर्ता र सूचिकृत निकायको प्रमुखको अनिवार्य उपस्थिति हुनुपर्नेछ ।

## परिच्छेद ६

## बाल क्लबको आर्थिक कोष व्यवस्थापन तथा सहायता

### २१. आर्थिक व्यवस्थापन

(१) बाल क्लबको आर्थिक कोषमा देहायको रकम रहनेछ ।

(क) स्वेच्छिक रुपमा उठेको सदस्यहरूको नविकरण वा मासिक शुल्क,

(ख) चन्दा तथा सहयोग,

(ग) संस्थाहरूबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) विद्यालयबाट प्राप्त हुने आर्थिक सहायता,

(ङ) नगरपालिकाबाट प्राप्त हुने आर्थिक सहायता,

(च) स्थानीय समूह तथा निजी क्षेत्रहरूबाट प्राप्त हुने सहायता र

(छ) यस्तै अन्य आय ।

(२) बाल क्लबले आर्थिक सहायताको निम्ति सामान्य निवेदन दिए पुग्ने छ । बाल क्लबका लागि सामान्यतया पाँच हजार रुपैयाँभन्दा बढीको सहयोग दिनुपरेमा नगद प्रदान नगरी सोझै जिन्सी वा सेवा खरिद गरी सहयोग गर्न सकिनेछ ।

(३) बाल क्लबको आर्थिक कारोवार प्रचलित सामान्य लेखाको सिद्धान्त अनुसार हुनेछ । साथै बाल क्लबलाई सोझै परियोजना वा अभियान सञ्चालन गर्नका लागि सम्झौता गरी रकम प्रदान गर्न सकिने छैन ।

(४) बाल क्लबले आफ्नो गतिविधि सञ्चालन गर्न आफ्नो विद्यालय वा समुदायमा आर्थिक स्रोत संकलनका लागि बालमैत्री कार्यक्रमहरू आयोजना गर्न सक्नेछन । यस्ता क्रियाकलापमा देउसी-भैलो, साँस्कृतिक कार्यक्रम, खेल प्रतियोगिता जस्ता कार्यक्रमहरू हुन सक्नेछन । यस्ता कार्यक्रम आयोजना हुँदा सूचिकृत निकायको स्वीकृति, सहजिकरण र सुपरिवेक्षण अनिवार्य रहनेछ ।

(५) बाल क्लबले सङ्कलन गरेका रकम उनीहरूले आयोजना गर्ने बालमैत्री गतिविधिमा मात्र खर्च गर्न सकिनेछ । यस्तो रकम छात्रवृत्ति, भौतिक पूर्वाधारहरूको निर्माण, मर्मत सम्भारका लागि वा कुनै पीडितलाई सहायता, आपतकालीन सहायता बापत सहयोग उपलब्ध गराउने गरी खर्च गर्न पाइने छैन ।

(६) बाल क्लबको वार्षिक आयव्यय विवरण सामान्य ढाँचामा उल्लेख गरी राख्नुपर्नेछ । बाल क्लबको बृहत गतिविधि सञ्चालन गर्न परेमा सहजकर्ताले आर्थिक व्यवस्थापन र सहजिकरणमा सहयोग गर्नुपर्नेछ । यसरी व्यवस्थापन गर्दा आर्थिक हिसाब किताब बाल क्लबबाट अनुमोदन गराउने तथा दुई हप्ता भित्र आर्थिक कारोवारको फरफारक गर्नु पर्नेछ ।

## परिच्छेद ७

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

## बाल क्लब र अन्य निकायहरूको सम्बन्ध र सहकार्य

### २२. नगरपालिकासँगको सम्बन्ध र सहकार्य

(१) सबै बाल क्लबहरू आफ्नो वडा कार्यलय वा नगरपालिकाको कार्यालयमा तोकिएको विधि र प्रक्रियामा सूचीकृत तथा नविकरण हुनेछन ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको बाल क्लबको विवरण अद्यावधिक गर्ने र सरोकार निकायमा आदान प्रदान गर्न सक्नेछन् ।

(३) नगरपालिकाले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा बाल क्लबका गतिविधि, बाल क्लब र सहजकर्ताको प्रशिक्षण तथा बाल क्लब प्रतिनिधिको परामर्श जस्ता कार्यक्रमहरू राख्न सक्नेछन् ।

(४) बाल क्लबले नगरपालिकासँग स्थानीय विकासका कियकलापहरूमा बालबालिकासम्बन्धी योजना तथा कार्यक्रम, सुविधा र उपलब्धीहरूको बारेमा सूचना माग गर्ने, त्यस्ता जानकारीहरू प्रचार प्रसार गर्ने तथा कार्यक्रम र सेवाहरूको अनुगमन गर्ने हुनेछन ।

(५) बाल क्लबले नगरपालिकासँग आफ्ना कार्यक्रमहरूका लागि आर्थिक सहायता तथा प्राविधिक र सामग्री सहयोगको अनुरोध गर्न सक्नेछ ।

(६) बाल क्लबले हरेक वर्ष आफूले सम्पादन गरेका कायर्क्रमहरूको सूची र विवरण सहितको प्रतिवेदन तोकिएको ढाँचामा नगरपालिकालाई उपलब्ध गराउनुपर्नेछ ।

### २३. बालबालिकासम्बन्धी समितिहरूसँगको सम्बन्ध र सहकार्य

(१) नगरपालिकामा रहेका स्थानीय बाल अधिकार समिति वा वडा बाल अधिकार समिति, स्थानीय बालमैत्री शासन समिति, स्थानीय मानव बेचबिखन नियन्त्रण समिति, नगर शिक्षा समिति र स्थानीय विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण समिति, नगर स्वास्थ्य समिति र स्थानीय खानेपानी तथा सरसफाई समिति जस्ता बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न समिति हुन सक्नेछन ।

(२) यी समितिहरूमा बाल क्लब वा सञ्जालका प्रतिनिधिहरू सदस्य वा पर्यवेक्षकको रुपमा सहभागी गराउन सकिनेछ ।

(३) यस्ता समितिहरूको वार्षिक कार्यक्रम तथा कार्ययोजनामा बाल परामर्श, बालबालिकाको क्षमता विकास, बाल क्लबसँग साझेदारीमा गरिने गतिविधिहरू तय गरी समावेश गर्न सकिनेछ ।

(४) यस्ता समितिहरूले बाल परामर्श तथा विभिन्न समयमा बाल क्लब तथा बालबालिकाबाट प्राप्त हुन आएका गुनासा र सुझावहरूलाई स्थानीयतहको योजना प्रक्रियाको पैरवी गर्न सक्नेछन् ।

(५) बालबालिकाले सम्प्रेषण गरेका तत्काल सम्बोधन गर्नुपर्ने समस्याहरूमा सम्बोधन गर्न सम्बन्धित निकायहरूबीच समन्वय गर्ने तथा बाल क्लबका गतिविधिहरूलाई प्रोत्साहन गर्न उत्कृष्ट बाल क्लब पुरस्कार तथा सम्मानका कार्यक्रमहरू गर्न सकिनेछ ।

### २४. बाल विकास संरक्षणमा विद्यालय व्यवस्थापन समितिको भूमिका

(१) विद्यालयमा रहेका बाल क्लबहरू विद्यालय व्यवस्थापन समितिसँग सूचिकृत गर्नुपर्ने छ ।

(२) विद्यालयको वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजनाको निर्माण बालबालिकासँग परामर्शमा बाल क्लबका गतिविधिलाई सहयोग पुऱ्याउने कार्यक्रमहरू राख्न सकिनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिमा बाल क्लबका प्रतिनिधि एक बालक र एक बालिकालाई स्थायी आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिनेछ र यस्ता बैठकहरूमा बालबालिकाका सरोकारका विषयहरू प्रस्तुत गर्न लगाउन सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

(४) विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने संवेदनशील र विवाद सृजना हुनसक्ने विषयहरू जस्तै : शिक्षक नियुक्ति र कार्वाही, निर्माणको ठेक्का पट्टा तथा अनियमितता जस्ता विषयको छलफलमा बालबालिकालाई प्रत्यक्ष र निर्णायक सहभागी बनाइने छैन ।

(५) विद्यालयमा रहने शिक्षकको व्यावहारिक सीप तथा शैली विकास (बालमैत्री शिक्षण विधि), बालमैत्री भौतिक संरचनाको निर्माण स्वरुप र गुणस्तरका विषयहरूमा भने बाल क्लबका सदस्य र सकेसम्म धेरै बालबालिकाको सुझाव संकलन लिन सकिनेछ ।

**२५. अन्य संघसंस्था तथा सेवाप्रदायक निकायहरूको भूमिकाः**

(१) नगरपालिकामा क्रियाशिल विभिन्न संघ संस्था तथा सेवाप्रदायक निकायहरूले बालबालिकाका प्रत्यक्ष प्रभावित हुने वा उनीहरू लक्षित कार्यक्रम, निर्णय तथा योजना प्रक्रियामा बाल क्लबका प्रतिनीधिहरूसँग परामर्श गर्नुपर्नेछ ।

(२) यस्ता संस्था तथा सेवाप्रदायक निकायहरूले बालबालिकाको लागि निःशुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरूको बारेमा प्रचार प्रसार गर्न, सेवाको विषयमा सरोकारवाला बीच संचार एवं कार्यक्रमहरूको बारेमा प्रभावकारिताको अनुगमन गर्न बाल क्लबसँग सहकार्य गर्न सक्नेछन् ।

(३) सेवाप्रदायक निकायहरूले बाल क्लबका सदस्य तथा बाल क्लबसँग सहकार्य र परामर्श कार्यहरू गर्दा उनीहरूको नियमित शिक्षालाई नकारात्मक प्रभाव पार्ने र विद्यालय समयमा असर पार्ने गरी गर्न सकिनेछैन ।

(४) सेवाप्रदायका निकायहरूले बाल क्लबका सदस्यहरूलाई अनिवार्य सहभागिताको नियम लागू गर्न सकिनेछैन ।

(५) सेवाप्रदायक निकायहरूले बालबालिकालाई जोखिमपूर्ण हुने विवादित विषय, फौजदारी अपराधका उजुरी लगायतका विषयमा छलफल गर्न वा उनीहरूको राय वा निष्कर्ष माग्न र त्यस्ता क्षेत्रमा काममा लगाउन सक्नेछैनन् । तर न्यायिक प्रक्रियामा प्रभावित बालबालिकासँग गरिने परामर्श गर्न वाधा पर्ने छैन ।

(६) सेवाप्रदायक निकायहरूले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्यको बदलामा भत्ता वा ज्याला प्रदान गर्ने गर्न सक्ने छैनन । तर यतायात खर्च र सहायक सामाग्री दिन फरक पर्नेछैन ।

**२६. नगरपालिकाको योजना तर्जुमामा बाल क्लब प्रतिनिधित्वको व्यवस्था**

(१) नगरपालिकाबाट हुने योजना निर्माण चक्रमा बाल क्लबको प्रतिनिधित्व र सहभागिता अनिवार्य गर्न सकिनेछ ।

(२) बस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल क्लबका सदस्य वा प्रतिनिधिहरूलाई निमन्त्रणा गर्न सकिनेछ । भेलामा उनीहरूको सरोकार राख्ने विषयमा धारणा राख्न निश्चित समय प्रदान गरिनेछ ।

(३) वडा तथा नगर स्तरमा तोकिएको प्रक्रियामा बाल भेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकासँग परामर्श लिन सकिनेछ ।

(४) योजना निर्माण तथा बजेट विनियोजनमा बाल क्लबलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटबारे छुट्टै सार्वजनिक सूचना जारी गर्न सकिने छ । यस्तो जानकारी सरल भाषामा उपलब्ध हुनुपर्नेछ ।

## परिच्छेद ८

## बाल क्लबको सम्मिलन र विघटनसम्बन्धी व्यवस्था

**२७. बाल क्लबको सम्मिलन**

(१) दुई वा दुईभन्दा बढी एकै भौगोलिक क्षेत्र वा एकै विद्यालय भित्रका बाल क्लबहरू सम्मिलन हुन सक्ने छन तर फरक भौगोलिक क्षेत्र वा फरक विद्यालयका बाल क्लबहरू सम्मिलन हुन सक्ने छैनन् ।

(२) सम्मिलनमा जानका लागि चाहने बाल क्लबले समूहको सहजकर्ताको उपस्थितिमा सदस्यहरूको भेलाले सम्मेलनमा जाने निर्णय गर्नुपर्नेछ ।

प्रतिलिपि प्रमाणित

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय, महोत्तरी जिल्ला, २ नं. प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकिय अधिकृत

(३) सम्मिलन गर्न चाहने सबै बाल क्लबका सहजकर्ता समेतको उपस्थितिमा सदस्यहरूको भेला आयोजना गरी माथि नियम ७ मा उल्लेख भएअनुसार नयाँ कार्य समिति चयन गर्नुपर्नेछ ।

(४) सम्मिलन पश्चात् नयाँ कार्यसमिति गठन भएको एक महिनाभित्र सम्बन्धित नगरपालिकामा सम्मिलनको जानकारी गराउनु पर्नेछ ।

(५) यसरी सम्मिलनपछि सम्मिलन भएका बाल क्लबको सूचिकरण खारेज हुनेछ र नयाँ बाल क्लब सूचीकृत हुनेछ ।

**२८. बाल क्लबको विघटन**

(१) बाल क्लब देहायको अवस्थामा विघटन भएको मानिनेछ ।

(क) बाल क्लब लगातार २ वर्षसम्म नगरपापलिकामा अद्यावधिक नभएमा यस्ता बाल क्लब विघटन गर्न सकिने छ । तर अद्यावधिक नभएका बाल क्लबलाई विघटन गर्नुअघि ३ महिनाको समय राखि अद्यावधिक गर्नका लागि सूचित गरिनेछ ।

(ख) बाल क्लबका बहुमत सदस्यहरूले बाल क्लब विघटन गर्ने निर्णय गरेमा ।

(ग) विद्यालयले उपयुक्त कारण दर्शाइ विद्यालयमा आधारित बाल क्लब बिघटन गर्न सिफारिश गरेमा ।

(घ) सूचिकृत नगरपालिकाका सम्बन्धित संस्थाले उपयुक्त कारण देखाइ बाल समूह बिघटन गर्ने निणर्य गरेमा ।

(२) यसरी नियम २८(१) (ग) र (घ) अनुसार बिघटन हुनुपूर्व सार्वजनिक सूचना र बाल क्लबका सदस्यहरूसँग छलफल गरिनेछ ।

(३) बिघटन भएका बाल क्लब नगरपालिकाको सूचिकरणबाट स्वत: खारेज हुनेछन ।

(४) बिघटन भएका बाल क्लबका सम्पत्ति तथा दस्ताबेजहरू सम्बन्धित विद्यालय वा नगरपालिकाले जिम्मा लिनेछ र अर्को बाल क्लब गठन प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ ।

## परिच्छेद ९
## विविध

**२९. बाल क्लबभित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरण**

बाल क्लबभित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरण लागि देहाय उपाय अवलम्वन गर्न सकिनेछ ।

(क) बाल क्लबका सदस्यहरू तथा वयस्क सहजकर्ता कुनै पनि राजनीतिक दल वा दलका भातृ संगठनको नेतृत्वमा नरहेको व्यक्ति चयन गरेर ।

(ख) बाल क्लब तथा यसका सदस्यहरूले विभिन्न राजनीतिक दलहरूसँग बाल अधिकार प्रवर्द्धन र संरक्षणका विषयमा खुला अन्तर्क्रिया तथा छलफल कार्यक्रम आयोजना गरेर ।

(ग) बाल क्लबले कुनै एक राजनीतिक दल वा समूहसँग मात्र संयुक्त कार्यक्रमहरू आयोजना नगरेर ।

(घ) बाल क्लबले सार्वजनिक पदमा निर्वाचित वा नियुक्त राजनीतिक व्यक्ति बाहेक अन्य राजनीतिक दलका प्रतिनिधि वा व्यक्तिलाई कार्यक्रममा प्रमुख अतिथि, अतिथि वा श्रोत व्यक्ति नबनाएर ।

(ङ) बाल क्लबले कुनै राजनीतिक दलको पक्ष वा विपक्षमा हुनेगरी कार्यक्रम तथा गतिविधिहरू सञ्चालन नगरेर ।

(च) बाल क्लबले राजनीतिक दल वा भातृ संगठनका बारेमा विशेष जानकारी दिने वा उसको सदस्य बन्न प्रेरित गर्ने कार्यक्रम तथा गतिविधिहरू सञ्चालन नगरेर ।

**३०. बाल क्लबभित्र सदभाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन**

(१) बाल क्लब भित्र सदभाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन गर्न देहाय अनुसार गर्नु पर्नेछ ।

(क) बाल क्लबले आफ्नो सङ्गठन निर्माण, व्यवस्थापन र कार्य प्रक्रियाका सम्बन्धमा आचारसंहिता निर्माण गर्नु पर्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत

(ख) बाल क्लब तथा यसका सदस्यहरूले सामाजिक कुरीति, भेदभावको अभ्यास र गलत प्रचलनहरूका विषयमा बोल्न र त्यस्ता अभ्यासहरू नगर्न सदस्यहरूलाई प्रशिक्षित गर्नु पर्नेछ ।

(ग) बाल क्लबका सदस्यहरूलाई सामाजिक सदभाव प्रवर्धन गर्न, सबै धर्म, जातजाति र समुदायबीच सम्मान गर्न, उनीहरूको असल संस्कृति र अभ्यासहरूका बारेमा बुझ्न, विभिन्न समयमा विविध साँस्कृतिक कार्यक्रमहरू आयोजना गर्न सकिनेछ ।

(घ) बाल क्लबको नेतृत्वमा समुदाय वा विद्यालयमा रहेका विभिन्न समुदायको प्रतिनिधित्व हुन सक्ने व्यवस्था गर्न सकिनेछ ।

(ङ) बाल क्लबको बैठकमा संस्कृति छलफलको प्रस्ताव नै बनाएर नियमित रुपमा सदस्यहरूले पालैपालो आफ्नो धर्म, संस्कृतिका बारेमा र असल कुराहरूका बारेमा प्रस्तुति र छलफल गर्ने नियम बनाउन सकिनेछ ।

**३१. बाल क्लबका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासन**

(१) बाल क्लबका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासन सम्वन्धमा देहायअनुसार गर्नु पर्नेछ ।

(क) कुनै पनि बाल क्लब गठन गर्नु अगाडी उक्त समुदाय तथा विद्यालयमा बाल क्लबको आवश्यकता, अवसर र सम्भावनाहरूबारे अविभावक अनुशिक्षण आयोजना गर्नु पर्नेछ ।

(ख) बाल क्लबले आयोजना गर्ने सबै गतिविधिहरूले बालबालिका तथा समुदायको हित प्रवर्धन नगर्न सक्छन, त्यस्ता बाल क्लबको गतिविधिहरूको बारेमा गुनासो र प्रतिक्रिया दिने व्यवस्था गर्न सकिनेछ ।

(ग) बाल क्लबका गतिविधिहरूका बारेमा प्रतिक्रिया दिन वा गुनासो व्यक्त गर्न विद्यालय, नगरपालिका, सूचना केन्द्रहरूमा सुझाव पेटिकाको स्थापना र सञ्चालन गर्न सकिनेछ ।

(घ) सुझाव पेटिका मासिक रुपमा खोल्ने र प्राप्त सुझावहरूलाई लिखित रुपमा उल्लेख गरी रजिष्टरमा अभिलेखीकरण गर्नुपर्नेछ ।

(ङ) प्राप्त सुझावहरूलाई सहजकर्ता र बाल क्लबका प्रतिनिधिहरू बसी छलफल तथा प्राथमिकीकरण गरी सुझावका आधारमा बाल क्लबका गतिविधिहरूमा सुधार गर्नुपर्नेछ । तर सुझाव वा गुनासाको आधारमा मात्रै बाल क्लब विघटन गर्ने वा बाल क्लबका गतिविधिहरूलाई निषेध गर्ने वा रोक्ने कार्य गर्न सकिनेछैन ।

(च) विद्यालयमा आधारित बाल क्लबका गतिविधिहरूका बारेमा समुदाय तथा अविभावकहरूले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई प्रत्यक्ष भेटेर पनि सझुाव दिन सक्नेछन् ।

**३२. बाल क्लबका क्रियाकलापलाई एकरुपता :**

(१) नगरपालिकाले सवै वाल समूह तथा सञ्जालका क्रियाकलापलाई एकरुपता दिन अनुसूची १, २, ३, ४ र ५ अनुसारको निर्दिष्ट फारम तथा ढाँचा प्रयोगमा ल्याउन सक्नेछ ।

**३३. प्रोत्साहन पुरस्कारको व्यवस्था :**

बाल अधिकारको संरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बाल क्लब, सञ्जाल तथा संघसंस्थालाई नगरपालिकाले पुरस्कार दिन वा संघसंस्थालाई आर्थिक सहयोग प्रदान गर्न सक्नेछ ।

**३४. संशोधन तथा बचाउ :**

यस निर्देशिकामा उल्लेख भएका व्यवस्थाहरू नगर कार्यपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्ने छ । उल्लेख भएका विषयहरू अन्य प्रचलित कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुने छ ।

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

अनुसूचीहरू

## अनुसूची-१
## बालक्लबको विधानको नमूना

.................................... बाल क्लब
बाल क्लब सञ्चालनसम्बन्धी विधान- २०७....

प्रस्तावना

बाल अधिकारको संरक्षण र सम्वर्द्धनमा स्वयं हामी बालबालिकाबाटै सहयोग पुऱ्याउने अभिप्रायले बाल अधिकार प्राप्तिका लागि महत्वपूर्ण सहयोगी सरोकारवाला पक्षहरूमा सचेतना अभिवृद्धि गर्दै हामी बालबालिकाको भविष्यलाई उज्यालोतर्फ डोऱ्याउन, हामी बालबालिकामा भएको क्षमता र प्रतिभाको विकास र प्रस्फुटन गर्न साथै बालबालिकाको बालबचावटको अधिकार, बालविकासको अधिकार र बाल संरक्षणको अधिकार प्राप्तिमा महत्वपूर्ण योगदान गर्न र आफ्नो अधिकार लिन बाल सहभागिताको अधिकारमार्फत् हामी बाल क्लबका सम्पूर्ण पदाधिकारीहरू सहमत भई यो बाल क्लबको विधान तयार गरी सूचीकृतका लागि निवेदन गरेकोमा जलेश्वर नगरपालिकाको वडा नं. ... मा रहेको वडा बाल अधिकार समितिको मिति .............................. को निर्णयानुसार द.नं ............ मा सूचिकृत भई विधान स्वीकृत भएकोले यस क्लबको मिति .......................... को वैठकको निर्णयानुसार यो विधान लागू गरिएको छ ।

### परिच्छेद-१ : नाम र प्रारम्भ

**१. नाम र प्रारम्भ**

१.१ यस क्लबको नाम...................................................बाल क्लब रहनेछ । यो बाल क्लब समुदायस्तरको बाल क्लबको रुपमा रहनेछ ।

१.२ यो विधान बाल अधिकार समिति/बाल संरक्षण समितिमा सुची भई क्लबको वैठकको निर्णयानुसार तोकिएको मितिदेखि लागू हुनेछ ।

१.३ यस क्लबको सम्पर्क स्थान जलेश्वर नगरपालिका वडा नं. ........... को ..............................मा रहनेछ ।

१.४ यस क्लबको छुट्टै छाप रहनेछ । छापको वरीपरी बाल क्लबको नाम, ठेगाना र स्थापना मिति तथा बीचमा .......................... रहनेछ । लोगो अनुसूची -१ मा समावेश गरिएको छ ।

### परिच्छेद-२ : परिभाषा, उद्देश्य तथा सदस्यता

**२. परिभाषा**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

२.१ "बाल क्लब" भन्नाले बालक्लबले तोकेको सेवा क्षेत्रभित्रका १८ पुरा नगरेका सबै बालबालिकाको संगठित समूहलाई जनाउनेछ ।

२.२ "सदस्य" भन्नाले यस विधान बमोजिम क्लबको सदस्यता प्राप्त बालबालिका सम्झनु पर्दछ ।

२.३ "विधान" भन्नाले बाल क्लबको विधान सम्झनुपर्नेछ ।

२.४ "साधारण सभा" भन्नाले क्लबको वार्षिकरुपमा हुने सभालाई जनाउँछ ।

२.५ "कार्यसमिति" भन्नाले विधानबमोजिम गठन भएको कार्यसमितिलाई जनाउनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

२.६ "सल्लाहकार समिति" भन्नाले बाल क्लबमा काम गरी अनुभव प्राप्त पूर्व पदाधिकारी एवं कार्यसमितिले मनोनित गरेका अन्य बालबालिकाको समूहलाई जनाउनेछ ।

२.७ "उपसमिति" भन्नाले आवश्यताअनुसार गठन भएका सदस्यहरूको समूहलाई जनाउनेछ ।

२.८ "बालक" भन्नाले बालक, बालिका र यौनिक अल्पसंख्यक बालबालिका सबैलाई सम्झनु पर्दछ ।

**३. क्लबको उदेश्य :**

निम्न उद्देश्यहरू लिई यो बाल क्लब स्थापना गरेका छौं ।

- हामी बालबालिकाको भविष्यको लागि राम्रो जग बसाउन,
- हामी निस्क्रिय रहने समयको सदुपयोग गर्न,
- समूहसँग बसेर छलफल गर्न,
- हामी आफ्नै अन्य बालबालिका साथीहरू, परिवार तथा समुदायका लागि उपयोगी हुने विषयहरूमा चेतना जगाई कार्य जिम्मा दिन र लिन,
- हामी बालबालिकामा सामाजिक र एकताको भावना जागृत गराउन,
- हामीलाई कार्यक्रम र व्यवहारले सिकाएका राम्रा कुराहरू व्यवहारमा उतार्न र समुदायमा परिवर्तन ल्याउन,
- बाल अधिकारसँग सम्बन्धित समस्या केलाउन र समाधान गर्न सक्ने बन्न,
- हामीमा नेतृत्व र आत्मविश्वास विकास गर्न साथै हामी र हाम्रो भावनाको विकास हामीमा गर्न,
- बाल अधिकारसँग सम्बन्धित विभिन्न क्रियालकलापहरूमा समुदायमा रहेका सम्पूर्ण दलित, अपाङ्गतामा भएका बालबालिका, पछाडि पारिएका बालबालिका, विद्यालय जान नपाएका, विद्यालय छाडेका र विद्यालय पढ्दै गरेका बालबालिकाको समेत सामूहिक सहभागिता जुटाउन,

**४. क्लबको उद्देश्य प्राप्तिका लागि समुदायमा गर्न सकिने क्रियाकलापहरू :**

क) क्लबको सदस्यता वितरण ।

ख) कार्यसमितिको चयन ।

ग) वार्षिक कार्ययोजना निर्माण ।

घ) कार्यबिधी बमोजिम कार्यक्रमहरू संचालन गर्ने ।

**५. सदस्यतासम्बन्धी व्यवस्था :**

५.१ सदस्यको प्रकार : हाम्रो बाल क्लबमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् :

क) साधारण सदस्य

ख) कार्यसमिति सदस्य

ग) आवश्यक सम्झेमा अन्य प्रकारका सदस्यहरू समितिले निर्धारण गर्न सक्नेछ ।

५.२ सदस्यता प्रदान गर्ने विधि र नियमहरू :

क) यस क्लबको सदस्यता लिन १८ वर्ष ननाघेको बालबालिका हुनुपर्नेछ ।

ख) १८ वर्ष उमेर पूरा भईसकेपछि यस क्लबको सदस्यबाट स्वत हटी सल्लाहकारको रुपमा कार्य गर्न सक्नेछ ।

ग) समुदायका तोकिएका सेवा क्षेत्रका सम्पूर्ण बालबालिका क्लबको साधारण सदस्य बन्न सक्नेछन् ।

घ) क्लबका प्रत्येक सदस्यहरूले कार्यसमितिले तोके बमोजिमको शुल्क तिरी क्लबको सदस्यता रसिद लिनुपर्नेछ ।

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

ङ) प्रत्येक सदस्यहरूले क्लबले निर्दिष्ट गरेका आचरणहरू पूरा गर्नुपर्नेछ । क्लबले आचरणसम्बन्धी कारवाही नगरेको अवधिसम्म यस क्लबको सदस्य बनिरहन सकिनेछ ।

## परिच्छेद-३
## साधारणसभा तथा कार्यसमिति

**६. बैठकसम्बन्धी व्यवस्था :**

६.१ कार्यसमितिको बैठक कम्तिमा वर्षको ६ पटक (२ महिनाको एक पटक) र साधारणसभा वर्षको १ पटक बस्नेछ ।

६.२ २५ प्रतिशत सदस्यहरूले साधारण सभा बोलाई पाऊँ भनी क्लबका अध्यक्षसमक्ष निवेदन गरेमा अध्यक्षले विशेष साधारण सभा बोलाउन सक्नेछ ।

६.३ साधारणसभाका लागि ७ दिन अगावै साधारण सभाहुने स्थान, समय, मिति र छलफलका बुँदाहरू सहित सम्पूर्ण सदस्यलाई उपस्थितिको लागि सूचना दिनुपर्नेछ ।

**७. कार्य समिति गठन विधि र पदावधि**

७.१ साधारण सभाले प्रत्येक १ वर्षमा प्रजातान्त्रिक प्रणालीबाट आफ्ना ससुदस्यहरूमध्येबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १, र सदस्यहरू सहित घटिमा ७ र बढीमा १३ जना सम्मको कार्यसमितिको गठन गर्नेछ ।

७.२ यसरी गठन भएको कार्यसमितिको पदावधि १ वर्षको हुनेछ ।

**८. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

८.१ सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रस्तुत गरेका सूचिमा समावेश भएका विषयहरूमा छलफल गरी निर्णय गर्ने ।

८.२ क्लबको गतिविधि समिक्षा गरी आवश्यक नीति निर्देशन तयार गर्ने ।

८.३ क्लबको लेखा परिक्षण समुदायमा रहेका शिक्षकहरूमध्येबाट गराई सोको प्रतिवेदन तयार गर्ने ।

८.४ वार्षिक कार्यक्रम र कार्ययोजना तयार गरी स्वीकृत गर्ने ।

८.५ विधान संसोधन गर्नुपर्ने भए सो कुरा उल्लेख गरी वडा बाल अधिकार समितिको सिफारिसमा स्थानीय बालअधिकार समितिमा पेश गरी संसोधन गर्ने ।

८.५ अन्य तोकिएका कार्यहरू गर्ने ।

## परिच्छेद-४
## कार्य समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

९. पदाधिकारीको काम, कर्तव्य र अधिकार :

९.१ अध्यक्ष

- क) क्वलको हितको लागि गर्नुपर्ने कर्तव्यको प्रमुख दायित्व बहन गर्ने ।
- ख) क्वलको निर्णयहरू कार्यान्वयन गर्ने र गर्न लगाउने ।
- ग) क्वलको उद्देश्य पूरा गर्न अन्य आवश्यक काम गर्ने ।
- घ) मत बराबर भएमा निर्णायक मत दिने ।
- ङ) समुदाय, विद्यालय, जिल्ला बाल कल्याण समिति र अन्य सहयोगी संस्थाहरू बीच समन्वयकर्ताको भूमिका निर्वाह गर्ने ।

९.२ उपाध्यक्ष

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

क) अध्यक्षको अनुपस्थितिमा निजले गरी आएको अधिकारहरू प्रयोग गर्ने ।

ख) अन्य बखतमा अध्यक्षको सहयोगी भूमिका निर्वाह गर्ने ।

९.३ सचिव

क) साधारण सभा र कार्य समितिको निर्णय अनुरुप क्वलको कार्यसञ्चालनमा सहयोग गर्ने ।

ख) बैठक बोलाउने र बैठक निर्णय अभिलेख राख्ने ।

ग) बैठकमा राखिने विषयहरूमा अग्रिम जानकारी सबैलाई पुऱ्याउने ।

घ) क्लबमा प्राप्त भएका सूचनाहरू क्लबका अन्य पदाधिकारीहरूलाई जानकारी गराउने ।

ङ) बैठकको माइन्यूट गर्ने ।

९.४ सहसचिव

क) सचिव अनुपस्थित भएको खण्डमा सचिवले गर्ने सबै कामहरू गर्ने

ख) अध्यक्षले तोकेका अन्य कामहरू गर्ने ।

९.५ कोषाध्यक्ष

क) क्वलको सम्पूर्ण नगदी, जिन्सीहरूको जिम्मा लिने र त्यससम्बन्धी श्रेस्ताहरू अद्यावधिक राख्ने ।

ख) क्वलको आय व्ययको विवरण कार्यसमितिमा र साधारण सभामा पेश गर्ने ।

ग) आगामी वर्षको बजेट तर्जुमा गरी साधारण सभामा पेश गर्ने ।

घ) आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्रमा शिक्षकमध्येबाट लेखा परीक्षण गराउने ।

९.६ सदस्य

क) क्वलको बैठकमा नियमित उपस्थित हुने ।

ख) क्वलको हितको लागि सबै लागि पर्ने ।

ग) बैठकमा उपस्थित भई आफ्नो अभिव्यक्ति तथा विचार प्रस्तुत गर्ने ।

घ) कार्यसमितिले निर्णय गरे अनुसारको जिम्मेवारी वहन गर्ने ।

## परिच्छेद-५
## विविध

**१०. विधान संसोधन :**

यस विधानमा उल्लेखित नियम तथा उपनियमहरू संशोधन गर्नुपर्ने भएमा साधारण सभाको दुई तिहाई बहुमतबाट संशोधन गर्न सकिनेछ । तर संशोधन भएको उक्त विधान बाल अधिकार समितिको स्वीकृति पाएको मितिदेखि मात्र लागू हुनेछ ।

**११. क्लबको विघटन**

कुनै कारणवस बाल क्लबसञ्चालन हुन नसकी क्लबको विधानबमोजिम सम्पूर्ण सदस्यहरूमध्ये दुई तिहाई बहुमतबाट पारित गरी पठाएको क्लब विघटनसम्बन्धी निर्णय नगरपालिकाले स्वीकृति दिएमा क्लबको विधिवत् विघटन भएको मानिनेछ र सो अवस्थामा क्लबको सम्पूर्ण चल अचल सम्पतिहरू नगरपालिकाको हुनेछ ।

**१२. निस्कृयता :**

यस विधानमा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्कृय हुने छन् ।

बालक्लब सुचीकृत गर्दाका अवस्थामा रहेका कार्यसमिति सदस्यहरू र हस्ताक्षरः

| क.सं | नम | उमेर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| | | | | |

प्रतिलिपि प्रमाणित

२१

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौशाला महोत्तरी जिल्ला २ नं. प्रदेश, नेपाल २०७५

प्रमुख प्रशासकिय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## अनुसूची-२
## सञ्जाल सूचिकरणका लागि निवेदनको ढाँचा

मिति : २०७८/....../.......

श्री प्रमुखज्यू,
जलेश्वर नगर कार्यपालिकाको कार्यालय
महोत्तरी

**विषय : बाल क्लब सञ्जाल सूचिकृत गरी पाऊँ भन्ने बारे ।**

महोदय,

हामीले ........................................... नामको बाल क्लब सञ्जाल खोल्न चाहेकोले "बाल क्लब गठन तथा सहजिकरण निर्देशिका २०७८ ले गरेको व्यवस्था बमोजिम बाल क्लब सञ्जाल सूचिकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

प्रस्तावित बाल क्लब सञ्जालको विधान दुईप्रति, सूचिकरण अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरूको नामावली, जन्म दर्ता प्रमाणपत्रको फोटोकपी यसैसाथ संलग्न गरिएको छ ।

भवदीय

..........................

अध्यक्ष

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-२ (क)

**बाल क्लब सूचिकरणका लागि निवेदनको ढाँचा**

मिति : २०७८/....../.......

श्री वडा अध्यक्ष ज्यू
जलेश्वर नगरपालिका
वडा नं...... को कार्यालय
महोत्तरी, नेपाल

**विषय : बाल क्लब सूचिकृत गरी पाऊँ भन्ने बारे ।**

महोदय,

हामीले ........................................... नामको बाल क्लब स्थापना गर्न चाहेकोले "बाल क्लब गठन तथा सहजिकरण निर्देशिका २०७८ ले गरेको व्यवस्था बमोजिम बाल क्लब सूचिकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

प्रस्तावित बाल क्लब/सञ्जालको विधान दुईप्रति, सूचिकरण अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरूको नामावली, जन्म दर्ता प्रमाणपत्रको फोटोकपी यसैसाथ संलग्न गरिएको छ ।

भवदीय

..........................

अध्यक्ष

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

अनुसूची-३

बाल क्लब कार्यप्रगति विवरण फारम

बाल क्लब (सञ्जाल)को नाम :

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:

सूचीकृत नं. :.............................

बाल क्लबको ठेगाना:

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

| सम्पन्न कार्यक्रमको नाम | विषय | कार्यक्रम भएको स्थान | मिति | खर्च भएको रकम र श्रोत | सहभागी संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर महोत्तरी जिल्ला २ नं. प्रदेश, नेपाल

अनुसूची ४

**बाल क्लब सञ्जाल सूचिकरणको प्रमाणपत्रको नमुना**

**जलेश्वर जगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, नेपाल**

बाल क्लब सञ्जाल सूचिकृत प्रमाणपत्र
सूचिकरण नं.-

मिति :-... ... .../... .../.......

श्री.................... बाल क्लब सञ्जाल
... ... ... ... ... ...

महोत्तरी जिल्ला जलेश्वर नगरपालिका वडा नं............मा गठन भएको बाल क्लबसञ्जाललाई यस जलेश्वर नगरपालिकामा सूचिकरण गरी नगरपालिकाको बाल क्लब गठन तथा सहजिकरण निर्देशिका २०७८ को नियम १० को व्यवस्थाअनुसार सूचिकरणको प्रमाणपत्र प्रदान गरिएको छ ।

बाल अधिकारको संरक्षण र कार्यमा संविधान तथा कानुनको अधीनमा रही यस नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछौ ।

**जय बालबालिका**

प्रमाणित गर्ने
नाम :
पद :
दस्तखत:

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

जलेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जलेश्वर महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल

अनुसूची ४ (क)
**बाल क्लब सूचिकरणको प्रमाणपत्रको नमुना**

**जलेश्वर जगरपालिका**
**वडा नं. .... को कार्यालय**
**महोत्तरी, नेपाल**

बाल क्लब सूचिकृत प्रमाणपत्र
सूचिकरण नं.-

मिति : ... ... .../ ... .../ ... ...

श्री...................................... बाल क्लब
... ... ... ... ... ...

महोत्तरी जिल्ला जलेश्वर नगरपालिका वडा नं............को ........................................ विद्यालय/समुदाय/बालगृहमा गठन भएको...................................................... बाल क्लबलाई यस जलेश्वर नगरपालिका वडा नं. ..... को कार्यालयमा सूचिकृत गरी नगरपालिकाको बाल क्लब गठन तथा सहजिकरण निर्देशिका २०७८ को नियम १० को व्यवस्थाअनुसार सूचिकृतको प्रमाणपत्र प्रदान गरिएको छ ।

बाल अधिकारको संरक्षण र कार्यमा संविधान तथा कानुनको अधीनमा रही यस नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछौ ।

**जय बालबालिका**

प्रमाणित गर्ने
नाम :
पद :
दस्तखत:

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची ५
## बाल क्लब/सञ्जाल सूचिकृत किताव

| क.सं. | बाल क्लब/सञ्जालको नाम | ठेगाना | सदस्य सङ्ख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र वुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

जलेश्वर नगरपालिका
नगर कार्यपालिका को कार्यालय
जलेश्वर महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल

प्रतिलिपि प्रमाणित
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची ६

**बाल क्लब सञ्जाल नविकरणको लागि निवेदनको ढाँचा**

मिति : ... ... ... .../... .../ ... ...

श्री प्रमुख ज्यू
जलेश्वर नगरपालिका
महोत्तरी नेपाल

**विषय : बाल क्लब सञ्जाल नविकरण गरी पाऊँ भन्ने बारे ।**

महोदय,

महोत्तरी जिल्ला जलेश्वर नगरपालिका वडा नं. ..................स्थित बाल क्लब सञ्जाल मिति..................मा स्थापना भइ सूचिकृत नं. ... ... ... सहित क्रियाशील रहँदै आएकोमा सोको समयावधि मिति ... ... ... /... ... /... ... मा थप एक बर्ष हुने भएकोले भएकोले बाल क्लब सञ्जाल नविकरण गर्नको लागि देहायको विवरण सहित निवेदन पेश गरेका छौं ।

हाम्रो बाल क्लबसञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापको संक्षिप्त विवरण बाल क्लब सञ्जालमा रहेका कार्यसमितिमा रहेका पदाधिकारीको विवरण यसैसाथ संलग्न गरिएको छ ।

भवदीय
...........................
अध्यक्ष

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

जलेश्वर नगरपालिका नगर कार्यपालिका को कार्यालय जलेश्वर महोत्तरी जिल्ला २ नं. प्रदेश, नेपाल २०७३

अनुसूची ६ (क)

**बाल क्लब नविकरणको लागि निवेदनको ढाँचा**

मिति : ... ... ... .../... .../ ... ...

श्री अध्यक्ष ज्यू
जलेश्वर नगरपालिका
वडा नं. ...... को कार्यालय
महोत्तरी, नेपाल

**विषय : बाल क्लब नविकरण गरी पाऊँ भन्ने बारे ।**

महोदय,

महोत्तरी जिल्ला जलेश्वर नगरपालिका वडा नं. ... ... स्थित ... ... ... ... ... ... ... ... ... विद्यालय/समुदाय/बालगृहमा आधारित हाम्रो ........................................ नामको बाल क्लव मिति ... ... ... /... .../ ... ... मा सूचिकृत नं .... साथ सूचिकृत भै क्रियाशील रहँदै आएकोमा सोको समयावधि ... ... ... /... .../ ... ... थप एक बर्ष हुने भएकोले बाल क्लब नविकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

हाम्रो बाल क्लबले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापको संक्षिप्त विवरण बाल क्लबको कार्यसमितिका पदाधिकारीहरु तथा अन्य सदस्यहरुको विवरण यसैसाथ संलग्न गरिएको छ ।

भवदीय
..........................
अध्यक्ष

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

जलेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जलेश्वर महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल
२०७३

अनुसूची ७

**बाल क्लब बैठक माइन्यूटको नमूना**

बैठक संख्या : … … … … …

बैठक स्थान : … … … … …

बाल क्लब (सञ्जाल)को नाम : ......................................

बैठक मिति : … … … … /… …/ … …

वयस्क सहजकर्ताको नाम : … … … … … … … … … …

आज मिति … … … … /… …/ … … मा … … … … … … … … … … … … … … बाल क्लबको बैठक यस समूहका श्री … … … … … … … … … … को अध्यक्षतामा बस्यो । बैठकमा उपस्थित सदस्यहरूवीच तपशिलमा उल्लेखित प्रस्तावहरूमा छलफल गरी निर्णय गरियो ।

… … … … … … … … … … … … … … …

उपस्थिति

बाल क्लबका पदाधिकारी तथा सदस्यहरू

१) … … … … … … … … … … … … … … …

२) … … … … … … … … … … … … … … …

३) … … … … … … … … … … … … … … …

४) वयस्क सहजकर्ता :

५) आमन्त्रित (कोही भए)

प्रस्तावहरू

क) … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … …

ख) … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … …

ग) … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … …

निर्णयहरू

क) … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … …

ख) … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … …

ग) … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … …

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

जलेश्वर नगरपालिका
नगर कार्यपालिका को कार्यालय
जलेश्वर महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल
२०७३

अनुसुची ८

## बाल क्लब कार्ययोजना फारम

बाल क्लबको नाम :

बाल क्लबको ठेगाना:

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सूचिकरण नं. :............................

| कार्यक्रमको नाम | विषय | कहाँ गर्ने | कहिले गर्ने | श्रोत व्यवस्था | प्रमुख जिम्मेवार सदस्यहरू |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

अनुसुची ९

बाल क्लब/सञ्जाल सूचिकरण नविकरणको दर्ता किताव

| क्र.सं. | बाल क्लब/सञ्जालको नाम | ठेगाना | सदस्य सङ्ख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | नविकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

जलेश्वर नगरपालिका
नगर कार्यपालिका को कार्यालय
जलेश्वर महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल
२०७३

धन्यबाद

प्रतिलिपि प्रमाणित
२०७८।८।१२
प्रमुख प्रशासकिय अधिकृत